# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः ५**

प्रमाणीकरण मितिः २०८१।०७।२०

राजपत्रमा प्रकासित मितिः २०८१।०७।२०


# चिङ्गाड गाउँपालिकाको गाउँपालिका स्तरीय नर्सरी स्थापना तथा व्यवस्थापन कार्यविधी, २०८१

# चिङ्गाड गाउँपालिकाको गाँउपालिका स्तरिय नर्सरी स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना,**

ग्रामिण क्षेत्रको भूगोल भएका स्थानहरूमा फलफूल, तरकारी, पुष्प र घाँसका बीउ, बेर्ना तथा विरुवा उत्पादन गरी कृषकहरूलाई सहज रूपमा वितरण गर्ने उद्देश्यका साथ कृषि उत्पादनलाई प्रवर्द्धन गर्दै कृषकहरूलाई व्यवसायी बनाइ आर्थिक रूपमा सबल बनाउने तथा दीर्घकालीन रूपमा कृषकहरूले कृषि व्यवसायबाट नाफामूलक आयआर्जन गर्न सकून् भन्ने हेतुले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (ण) बमोजिम यो कार्यविधि जारी गरिएको हो। यस कार्यविधि बमोजिम कृषिजन्य बीउ, बेर्ना तथा विरुवा उत्पादन गरी कृषकहरूलाई वितरण गर्ने र नर्सरी व्यवस्थापनलाई कार्यान्वयनमा ल्याउने कार्य स्वीकृत भएको मितिदेखि लागु हुने छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्तै लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "**गाउँपालिका**" भन्नाले चिङ्गाड गाउँपालिका, सुर्खेतलाई जनाउँछ।

(ख) "**कार्यपालिका**" भन्नाले चिङ्गाड गाउँ कार्यपालिका, सुर्खेतलाई जनाउँछ।

(ग) "**अध्यक्ष**" भन्नाले चिङ्गाड गाउँपालिकाका अध्यक्षलाई जनाउँछ।

(घ) "**उपाध्यक्ष**" भन्नाले चिङ्गाड गाउँपालिकाका उपाध्यक्षलाई जनाउँछ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले चिङ्गाड गाउँपालिकाको `प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(च) "**स्थानीय सरकार**" भन्नाले चिङ्गाड गाउँपालिका वा नेपाल सरकारले तोकेको अन्य कुनै स्थानीय तहलाई जनाउँछ।

(छ) "**व्यवस्थापन**" भन्नाले नर्सरी स्वामित्वको हेरचाहका लागि गरिने मानविय व्यवस्था हो।

(ज) "**नर्सरी**" भन्नाले फलफूल, तरकारी, र अन्य बाली तथा विरुवा उत्पादन गर्न तयार गरिएको स्थानलाई जनाउँछ।

(झ) "**कृषक**" भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने सम्पूर्ण कृषकलाई जनाउँछ।

(ञ) "**कृषक समूह**" भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा यसअघि विषयगत रूपमा दर्ता भएका कृषक समूहलाई जनाउँछ। यसले विभिन्न सेवा समूहहरूलाई समेत जनाउँछ।

(ट) "**कृषि**" भन्नाले आफ्नो जीविकोपार्जनका लागि भूमिमा पशु पालन र कृषि जन्य फसल उत्पादन गर्ने कार्यलाई जनाउँछ।

(ठ) "**कृषि शाखा**" भन्नाले चिङ्गाड गाउँपालिकाको कृषि शाखालाई जनाउँछ।

(ड) "**शाखा प्रमुख**" भन्नाले चिङ्गाड गाउँपालिकाको कृषि शाखाका प्रमुखलाई जनाउँछ।

(ढ) "**अनुदान**" भन्नाले यस कार्यक्रम/नर्सरीबाट उत्पादन गरिएका बेर्ना र विरुवाहरू कृषक वा कृषक समूहलाई सरकारी मूल्यको ५०% देखि ७५% सम्म छुटमा वितरण गरी दिइने सहायता जनाउँछ।

(ण) "**प्रस्तावना**" भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य विभिन्न निकायहरूले जारी गरेका सूचना र प्रस्तावनालाई जनाउँछ।

(त) "**कार्यक्रम**" भन्नाले अनुदानमा बेर्ना वितरण तथा नर्सरी व्यवस्थापनसम्बन्धी विभिन्न कार्यक्रमहरूलाई जनाउँछ।

(थ) "**लक्षित वर्ग, उत्पादन भएका बिरुवा वितरणको हकमा**" भन्नाले गाउँपालिकाभित्रका सम्पूर्ण कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई बुझ्नुपर्दछ।

(द) "**साझेदारी**" भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्रसरकारी र निजस्वयं किसानबीचको द्विपक्षीय वा बहुपक्षीय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरूको साझेदारी बुझ्नुपर्दछ।

(ध) "**विषयगत निकाय**" भन्नाले चिङ्गाड गाउँपालिकाको कृषि शाखालाई बुझ्नुपर्दछ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य र जग्गा सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको उद्देश्य :**

१) गाउँपालिकाको वातावरण अनुसार फलफूल, तरकारी, पुष्प, र घाँसका गुणस्तरीय बीउ/बेर्ना उत्पादन गरी कृषकलाई अनुदानमा वितरण गर्ने।

२) कृषि मार्फत जैविक विविधता संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने।

३) गाउँपालिकालाई कृषि जन्य वस्तुमा आत्मनिर्भर बनाउन सहयोग गर्ने।

४) कृषकलाई फलफूल खेतीतर्फ आकर्षित गर्ने।

५) दिगो विकासका सिद्धान्त अपनाई कृषि क्षेत्रलाई समृद्ध बनाउने।

६) बीउ उत्पादन गरी कृषक तथा अन्य संघसंस्थालाई वितरण र बिक्री गर्ने।

४. **सामग्री खरिद सम्बन्धी व्यवस्थाः**

१) नर्सरी स्थापनाका लागि आवश्यक पर्ने बीउ, बीज तथा बिरुवा खरिद गर्न सकिनेछ। यसका लागि स्थानिय किसानहरू, प्रमाणित बीउ उत्पादक, सरकारी तथा निजी नर्सरी आदिबाट सामग्री खरिद गर्नुपर्छ।

५. **बिरुवा वितरण सम्बन्धी सूचना तथा आवश्यक कागजातहरू :**

१) यस कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसार उत्पादन गरिएका बिरुवाहरू वितरणका लागि

सार्वजनिक रूपमा अधिकतम कृषकसम्म सूचना पुगोस् भनी आवेदन माग गर्नुपर्नेछ। आवेदन आह्वान वर्षमा २ पटक (हिउँदे/वर्षे फलफूल) मागका लागि कम्तीमा १५ दिन अगाडि सूचना प्रकाशित गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त आवेदनहरूको आधारमा नर्सरीमा उपलब्ध बीउ/बेर्ना/ बिरुवाहरू सरकारी मूल्यमा ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा कृषक तथा कृषक समूह, विद्यालय र अन्य संघसंस्थालाई वितरण गरिनेछ।

३) बिरुवा मागका लागि आवश्यक कागजातहरू :

१. नागरिकताको प्रतिलिपि,

२. जग्गा धनीपुर्जाको प्रतिलिपि,

३. जग्गाको तिरो तिरेको रसिद,

४. वडा कार्यालयको सिफारिस,

५. निवेदन। (अनुसूची (१) बमोजिम )

## ६. **बिरुवा वितरणमा अनुदान रकमको सीमा :**

यस कार्यक्रमअन्तर्गत गाउँपालिका-स्तरीय नर्सरीबाट उत्पादन गरिएका सम्पूर्ण किसिमका बिरुवाहरू नेपाल सरकारले तोकेको मूल्यमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

७. **जग्गा सम्बन्धी व्यवस्था:**

१) नर्सरी स्थापना गर्दा गाउँपालिकाले आफ्नै जग्गामा गर्नुपर्नेछ। २) उपदफा (१) बमोजिम आफ्नो जग्गा नभएको अवस्थामा, जग्गाधनीसँग कम्तीमा १० वर्षका लागि लिज सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद ३

## अनुगमन समिति, ज्यालादारी कर्मचारी र सेवासुविधा सम्बन्धी व्यवस्थाहरू

८. **अनुगमन तथा मूल्याङ्कन समिति :**

१) गाउँपालिका-स्तरीय नर्सरी नियमन गर्न गाउँ कार्यपालिकाले कुनै कार्यपालिका सदस्य,जननिर्वाचित प्रतिनिधि वा विषयगत निकायका पदाधिकारीबाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

२) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी आगामी वर्षको कार्यक्रम कार्यान्वयन तथा दिगोपनाका लागि देहायअनुसारको एक समिति रहनेछ :

**चिङ्गाड गाउँपालिकाका उपाध्यक्ष** : संयोजक

**प्रमुख प्रशासकीय अधिकृत** : सदस्य

**सम्बन्धित विषयगत शाखा प्रमुख** : सदस्य सचिव

९. **अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

१) समय समयमा नर्सरीको अनुगमन गर्ने।

२) कार्यरत कामदार तथा नर्सरीको अवस्थाबारे अनुगमन गर्ने।

३) अनुगमनको क्रममा देखिएका तथ्यहरूको आधारमा कार्यक्रमको प्रभावकारिता, पहुँच तथा समस्याको पहिचान गरी समाधानसहित सम्बन्धित निकायमा सुझाव पेश गर्ने।

४) कार्यविधिको लक्ष्य तथा उद्देश्य अनुरूप काम भएको वा नभएको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक कार्यक्रम तर्जुमा तथा नीति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

५) कार्यपालिकाले तोकेको अन्य कार्यहरू गर्ने।

१०. **<u>नर्सरी व्यवस्थापनका लागि कामदार व्यवस्थापन :</u>**

१) गाउँपालिका-स्तरीय नर्सरी व्यवस्थापनका लागि **"ज्यालादारीमा"** कामदार व्यवस्थापन गरिनेछ।

२) यस कार्यक्रमको व्यवस्थापनका लागि कृषि शाखाको वार्षिक बजेटबाट खर्चको व्यवस्था गरिनेछ।

३) नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह वा अन्य निकायबाट प्राप्त रकमसमेत यस सम्बन्धी खर्च व्यवस्थापनका लागि प्रयोग गर्न सकिनेछ।

४) गाउँपालिका-स्तरीय नर्सरीमा ज्यालादारी कामदार व्यवस्थापन यसै कार्यविधि २०८१ बमोजिम हुने छ।

५) अन्य सेवा सुविधाको हकमा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुने छ।

११. <u>ज्यालादारी कर्मचारीको जिम्मेवारी तथा कार्य विवरण :</u>

१) यस कार्यक्रममा नर्सरी निर्माण सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

२) कार्यालयको निर्देशन अनुसार नर्सरीमा बिरुवा लगाउने, हेरचाह गर्ने, कृषकहरूलाई वितरण गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने।

३) अन्य कार्य गर्नु परेमा कार्यालयको निर्देशन अनुसार कार्य गर्ने।

१२. <u>सेवा सुविधा प्रवाह तथा वित्तीय व्यवस्थापन :</u>

१) यस गाउँपालिकाको गाउँपालिका-स्तरीय नर्सरीमा व्यवस्थापन गरिएको ज्यालादारी कामदारहरूलाई गाउँपालिकामा काम सुरु गरेको मितिदेखि लागू हुने गरी अनुसूची (२) बमोजिम सेवा सुविधा भुक्तानी गरिनेछ।

२) गाउँपालिकाको समन्वयमा सञ्चालन हुने कृषि सम्बन्धी विविध क्षमता विकासका तालिम तथा गोष्ठीहरूमा सहभागी गराइनेछ।

३) नर्सरी निर्माणका विविध कार्यमा बाहिर गएमा दैनिक भ्रमण भत्ता भुक्तानी गरिनेछ।

१३. <u>सेवा सुविधा भुक्तानी सम्बन्धी व्यवस्था :</u>

१) यो कार्यक्रम लागू भएपछि सम्बन्धित शाखाको सिफारिसको आधारमा सम्झौता बमोजिम  सेवा सुविधा तथा अन्य रकम बैंकमार्फत भुक्तानी गरिनेछ।

१४. **<u>ज्यालादारी कामदारसँग सम्झौता :</u>**

१) नर्सरी व्यवस्थापनको लागि ज्यालादारी कामदारसँग अनुसूची (३) बमोजिम सम्झौता गरिनेछ।

१५. **<u>अभिलेख तथा प्रगति प्रतिवेदन :</u>**

१) यस कार्यविधिले निर्धारित गरेका सम्पूर्ण नियमअनुसारका कागजातहरूको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायले गर्नेछ।

२) यस कार्यक्रम सञ्चालनपछि अनुगमन समितिको विषयगत निकायले अनुसूची (४) बमोजिम वार्षिक रूपमा अभिलेख राख्नेछ।

## परिच्छेद ४

## <u>विविध</u>

१६. **<u>बाधा अड्काउ फुकाउने :</u>**

१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

१७. **<u>परिमार्जन तथा संशोधन :</u>**

१) यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

१८. **<u>नर्सरी स्थापना तथा तालिम कार्यक्रमका लागि विनियोजित रकम खर्च गर्ने आधारः</u>**

१) सूचना प्रवाह र प्रचार-प्रसार।

२) नर्सरी स्थापनाका लागि आवश्यक तालिमको खर्च।

३) नर्सरी व्यवस्थापनका लागि करार वा ज्यालादारी कर्मचारी नियुक्ति गरी तलब खर्च।

४) नर्सरीको कामका लागि गाउँपालिकाभन्दा बाहिर जानु परे दैनिक भ्रमण भत्ताको खर्च।

५) नर्सरी व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद (जस्तै: कुटो, कोदालो, सिँचाइका उपकरण आदि)।

६) नर्सरी स्थापनाका लागि गाउँपालिकाले आफ्नै जग्गामा स्थापना गर्नुपर्नेछ। जग्गा नभएको अवस्थामा, कम्तीमा १० वर्षका लागि लिजमा लिएको जग्गाको मासिक भाडा खर्च गर्न सकिने।

७) फलफूल नर्सरीलाई प्रभावकारी रूपमा अघि बढाउन आवश्यक देखिएमा अन्य गतिविधिका लागि समेत खर्च गर्न सकिने।

## अनुसूची १

चिङ्गाड गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०८१

दफा ५ को उपदफा ३ सँग सम्बन्धित

गाउँपालिका स्तरिय नर्सरीबाट वितरण गरिने विरुवा मागको लागि

निवेदनको ढाँचा

मिति:

श्रीमान्, शाखा प्रमुख ज्यू

कृषि शाखा

चिङ्गाड गाउँपालिका, अवलचिङ, सुर्खेत

विषय: विरुवा माग सम्बन्धमा

**महोदय,**

प्रस्तुत विषयमा, यस चिङ्गाड गाउँपालिकाबाट वितरण हुने ............................................ जातको बिरुवा नियमानुसार प्राप्त गर्नका लागि म यो निवेदन पेश गर्दछु। कृपया समुचित प्रक्रिया अनुसार मेरो निवेदनलाई स्वीकृति दिनु हुन अनुरोध गर्दछु।

निवेदक:

नाम:

ठेगाना:

सम्पर्क नं.:

**अनुसूची २**

**चिङ्गाड गाउँपालिका**

**गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०८१**

दफा १२ को उपदफा १ सँग सम्बन्धित ज्यालादारी कामदारको सेवा सुविधाको विवरण

दैनिक ज्याला: रु. ६००

अन्य सेवा सुविधा: शून्य

कामदारको ड्रेसकोड: शून्य

चाडपर्व खर्च: शून्य

# अनुसूची ३

# चिङ्गाड गाउँपालिका

## गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०८१

## दफा १४ को उपदफा १ सँग सम्बन्धित

## ज्यालादारी कामदारसँग सम्झौताको ढाँचा

चिङ्गाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेत (यसपछि पहिलो पक्ष भनिएको) र चिङ्गाड गाउँपालिका वडा नं. ....... बस्ने श्री/श्रीमती ................ (यस सम्झौतामा दोस्रो पक्ष भनिएको) बीच चिङ्गाड गाउँपालिकाको पालिका स्तरिय नर्सरीमा ज्यालादारी कामदारको रूपमा कार्य गर्न यो सम्झौता पत्रमा सहि छाप गरी एक एक प्रति लियैं दियौं ।

**शर्तहरू**

१. दोस्रो पक्षले चिङ्गाड गाउँपालिकाले स्थापना गरेको पालिका स्तरिय नर्सरीमा काम गर्नुपर्नेछ।

२. यो सम्झौता भएको मितिले ३ दिनभित्र नर्सरीमा कार्य सुरु गर्नुपर्नेछ।

३. यो कार्य कुनै तेस्रो पक्षलाई हस्तान्तरण गर्न पाइने छैन।

४. पालिका स्तरिय नर्सरीमा विरुवा लगाउने, खनजोत गर्ने, गोडमेल गर्ने, दैनिक आवश्यकताअनुसार पानीको व्यवस्था गरी सिंचाइ गर्ने, हेरचाहलगायत सम्पूर्ण कार्य दोस्रो पक्षले गर्नु पर्नेछ।

५. दोस्रो पक्षले उल्लेखित कार्यहरू गरेको अवस्थामा पहिलो पक्षले काम गरेको दिनको रु ६०० (छ सय रुपैयाँ मात्र) का दरले मासिक रूपमा नियमअनुसार बैंक खाताबाट भुक्तानी दिनेछ। दोस्रो पक्षले अन्य कुनै थप रकम दाबी गर्न पाउने छैन।

६. दोस्रो पक्षले गरेको कामको अनुगमन पहिलो पक्षले गर्नेछ।

७. यस कार्यक्रमसँग सम्बन्धित कुनै पनि विवाद वा समस्या आएमा कार्यालयको निर्णय अन्तिम निर्णय हुने छ।

८. अनुगमनको क्रममा निर्देशनअनुसार कार्य गरेको नपाईएमा दोस्रो पक्षलाई तुरुन्तै पालिका स्तरिय नर्सरीबाट हटाइनेछ।

९. दोस्रो पक्षले नर्सरीमा कुनै हानि-नोक्सानी हुने काम गर्न पाउने छैन। हानि-नोक्सानी भएमा त्यसको क्षतिपूर्ति दोस्रो पक्षले व्यहोर्नुपर्नेछ।

१०. हानि-नोक्सानीको बिगो दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

११. यो सम्झौता मिति ..............................देखि मिति ............................

सम्म मात्र लागू हुनेछ। तर, काम चित्तबुझ्दो नभएमा वा आवश्यकता महसुस नभएमा जुनसुकै बेला पहिलो पक्षले यो सम्झौता भंग गर्न सक्नेछ।

१२. यो सम्झौतामा उल्लेख नगरेका अन्य विषय प्रचलित कानूनअनुसार हुनेछन्।

**दोस्रो पक्ष**

दस्तखत: ________________

नाम: ________________

ठेगाना: ________________

नागरिकता नं.: ________________

**पहिलो पक्ष**

दस्तखत: ________________

नाम: ________________

प्रमुख प्रशासकीय अधिकृत

चिङ्गाड गाउँपालिका, गाउँ

कार्यपालिकाको कार्यालय

मिति: _____________छाप

**साक्षीहरू**

१. ________________

२. ________________

३. ________________

मिति: ________________

छाप

# अनुसूची ४

# चिङ्गाड गाउँपालिका

## गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यविधि २०८१

## दफा १५ को उपदफा २ सँग सम्बन्धित

गाँउपालिका स्तरिय नर्सरी बाट बितरण गरिएका बिरुवाहरुको अभिलेख

आ.व.............।...............

| क्र.स. | वितरण गरिएको बिरुवा | जात | किसिम | | संख्या |
|---|---|---|---|---|---|
| | | | बिजु | कलमी | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले**

**मणिराम खराल**

**प्रमुख प्रशासकीय अधिकृत**